# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## सुपरिवेक्षण विभाग

परिपत्र संख्याः १/सु.वि/२०८०/८१ मिति : २०८०/०५/१०

चलानी नं.: ५६६

श्री बोर्डवाट अनुमति प्राप्त सम्पूर्ण आस्वा सदस्यहरु ।

**विषय: विवरण रुजु गर्ने सम्बन्धमा ।**

बैदेशिक रोजगारीमा रहेको नेपालीहरुको लागि आरक्षित धितोपत्र वास्तविक रुपमा विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुले मात्र खरिद गर्न सक्ने व्यवस्था सुनिश्चितता गर्न आस्वा सदस्य बैंक वित्तीय संस्थाहरुले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४ख को उपदफा (३) र (४) बमोजिम तपसिलका विवरणहरु "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ११ को उपदफा (१) को व्यवस्था बमोजिम रुजु गरेर मात्र वैदेशिक रोजगारीमा रहेको नेपालीहरुको लागि आरक्षित धितोपत्रको आवेदन प्रमाणित गरि सि-आस्वा सफ्टवेयरमा प्रविष्टि गर्न गराउन हुन निर्णयानुसार यो परिपत्र जारी गरेको छ ।

तपसिल

१. बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको रेमिट्यान्स वचत खाताको लागि CRN नम्बर उपलब्ध गराउँदा वैध श्रम स्वीकृति (Valid work permit) रहेको,
२. पछिल्लो ६ महिनामा रोजगारीमा रहेको मुलुकवाट कम्तीमा ५०,०००/- रकम विप्रेषण भएको ,
३. नेपालवाटै रकम जम्मा गरी शेयर खरिद आवेदन गरेमा सो मान्य नहुने भएकोले बैदेशिक रोजगारीमा रहेको नेपालीहरुको लागि आरक्षित शेयर खरिद गर्न रेमिट्यान्स वचत खातामा नेपालवाटै रकम जम्मा नगरेको ।

बोधार्थः

श्रीमान् अध्यक्षज्यू, अध्यक्षज्यूको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।

श्री नियमन विभाग, नेपाल धितोपत्र बोर्ड ।

भवदीय,

रन्जना थकुलेंट

निर्देशक